# प्रेस विज्ञप्ति

आज संवत् २०७९ असोज २७ गते बिहिवारका दिन राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक उत्सव कार्यक्रम आयोगको सभाहल, सिंहदरबार, काठमाडौंमा सम्पन्न भयो । आयोगका अध्यक्ष माननीय बालानन्द पौडेलज्यूको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा संवैधानिक निकायका माननीय प्रमुखज्यूहरु, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय सदस्यज्यूहरु, नेपाल सरकारका सचिवज्यूहरु, कर्मचारी तथा सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो। यस कार्यक्रममा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रथम रणनीतिक योजना (२०७९।८०-२०८३।८४), सञ्चार तथा बाह्य पहुँच रणनीति, २०७९ र आयोगको स्मारिका बिमोचन गरिनुका साथै आयोगमा रहेर उत्कृष्ठ कार्य गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरियो ।

कार्यक्रममा अतिथिहरुको स्वागत गर्दै आयोगका सदस्य माननीय जुद्ध वहादुर गुरुङ्गज्यूले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिको लाभहरु आम नागरिकमा पुर्याउन वित्तीय संघीयतालाई प्रभावकारी बनाउन नेपालको संवैधानिक व्यवस्था अनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले वित्तीय संघीयताको संरक्षकको रुपमा कार्य गरिरहेको स्वागत मन्तव्य राख्नु भयो ।

यस कार्यक्रममा वित्तीय संघीयतामा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका विषयक कार्यपत्र आयोगका सचिव श्रीमान् भरतमणि सुवेदीज्यूले प्रस्तुत गर्नु भयो ।उक्त कार्यपत्रमा आयोगले हालसम्म गरेका सिफारिस तथा सुझावहरु, सिफारिस कार्यान्वयनको अवस्था र आयोगको अपेक्षा समेतका बारेमा प्रस्तुत गर्नु भएको भयो ।

उक्त कार्यक्रममा अतिथिहरुको तर्फबाट महालेखा परीक्षक माननीय टंकमणि शर्मा दंगालज्यूले शुभकामना मन्तव्य राख्दै संविधान कार्यान्वयन गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफलताको लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको महत्वपूर्ण भूमिका रहेको, आयोगको सिफारिस कार्यान्वयन तत् तत् सरकारबाट हुन पर्ने तथा आयोगको सिफारिस अनुसार बाँडफाँड भएको अनुदानको उपयोगको अवस्था समेत आयोगले अध्ययन गर्न आवश्यक रहेको धारणा व्यक्त गर्नु भयो।

कार्यक्रमको अध्यक्षता गर्नु भएका राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष माननीय बालानन्द पौडेलज्यूले कार्यक्रममा उपस्थित अतिथिहरुलाई धन्यवाद् ज्ञापन गर्दै, वित्तीय संघीयताको सुदृढीकरणको निमित्त तहगत सरकारको खर्च जिम्मेवारी गणनालाई थप वैज्ञानिक र व्यवस्थित वनाउन संघ, प्रदेश र स्थानीय सरकारले प्रदान गर्ने सेवाको मानक बनाउनु पर्ने, प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापनको लागि प्राकृतिक स्रोत सम्बन्धी एकीकृत कानून तर्जुमा गर्नु पर्ने तथा सर्शत अनुदानमा हाल स-साना योजनामा समेत बाँडफाँड गर्ने प्रवृति देखिएकोले त्यसको अन्त्य गर्दै क्षेत्रगत लक्ष्यहरु तोकी एकमुष्ट अनुदान (Block Grants) प्रदान गर्नु पर्ने धारणा व्यक्त गर्नु भयो ।

ज्ञानेन्द्र पौडेल
सह सचिव एवम् प्रवक्ता
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

मिति २०७९ असोज २७ गते